प्रदेश सरकार

उद्योग, कृषि तथा सहकारी मन्त्रालय

# समस्याग्रस्त सहकारी व्यवस्थापन समितिको कार्यालय

कोशी प्रदेश, विराटनगर

## अम्बे-कोशी बचत तथा ऋण सहकारी संस्था लि. इटहरी, सुनसरीका सञ्चालक, कर्मचारी तथा सरोकारवालालाई जरूरी सूचना ।

**प्रकाशित सूचना मिति : २०८१/१०/२१**

प्रदेश सहकारी ऐन २०७६ को दफा ८४ को उपदफा (२) बमोजिम कोशी प्रदेश उद्योग, कृषि तथा सहकारी मन्त्रालयको मिति २०८१/९/२३ को मन्त्रीस्तरीय निर्णयबाट उक्त सहकारी संस्था समस्याग्रस्त घोषणा भई सम्पत्ति व्यवस्थापन तथा दायित्व भुक्तानी सम्बन्धी कार्य गर्न यस समितिलाई जिम्मेवारी दिइएको हुँदा सोही ऐनको दफा १०२ को उपदफा (१) बमोजिम सो सहकारी संस्थाको सञ्चालक समिति, व्यवस्थापक र कर्मचारीको अधिकार स्वतः निलम्बन हुने हुँदा देहाय अनुसारको व्यहोरा सम्बन्धित सबै सरोकारवालाहरूको जानकारीका लागि व्यवस्थापन समितिको मिति २०८१/१०/२० को निर्णयानुसार यो सूचना प्रकाशन गरिएको छ ।

**देहाय :**

१. सञ्चालक तथा कर्मचारीले बोलाएका बखत समितिसमक्ष उपस्थित भई आवश्यक सहयोग गर्नुहुन ।

२. ऋणी सदस्यहरूले यस समितिमा सम्पर्क राखी ऋण भुक्तानी गर्नुहुन साथै साविक सञ्चालक तथा कर्मचारीसँग भुक्तानी सम्बन्धी कुनै पनि कारोबार नगर्नुहुन ।

३. बचतकर्ताहरूले बचतसँग सम्बन्धित सम्पूर्ण प्रमाणहरू सुरक्षित राखी यस समितिबाट मागदाबी आवेदनको सूचना जारी भएपछि यस समितिसमक्ष पेस गर्नुहुन ।

४. समस्याग्रस्त घोषित संस्थाको सम्पत्ति तथा दायित्व सम्बन्धी जानकारीका लागि समितिको कार्यालयमा मात्र सम्पर्क राख्नुहुन ।

**सम्पर्क नं. ९८५२०४११६२**